# समान अवसर आयोग (Equal Opportunities Commission) को व्यक्तिगत जानकारी सङ्कलन कथन र गोपनीयता नीति कथन (Personal Information Collection Statement and Privacy Policy Statement) ("कथन")

हामी व्यक्तिगत विवरण (गोपनीयता) अध्यादेश (Cap 486, हङकङ कानुन) ("PD(P)O") का आवश्यकताहरूलाई पालना गर्न वाचा गर्छौं । त्यसो गर्दा, हामीले सुरक्षा तथा गोपनीयताका मानक मापदण्डहरूका साथ हाम्रा सबै कर्मचारीहरूद्वारा PD(P)O को अनुपालना सुनिश्चित गर्नका लागि यथोचित व्यावहारिक कदमहरू चाल्ने छौं ।

## जानकारी सङ्कलन तथा प्रयोग

तपाईंले हामीसँग सोधपुछ वा उजुरीहरू गर्दा, समान अवसर आयोग (Equal Opportunities Commission, EOC) मा निवेदनहरू बुझाउँदा, हाम्रा कार्यक्रमहरूमा सहभागी हुँदा वा हामीसँग सञ्चार गर्दा हामीले तपाईंसँग सम्बन्धित व्यक्तिगत जानकारी ("व्यक्तिगत विवरण") सङ्कलन गर्न सक्ने छौं । यदि आवश्यक व्यक्तिगत विवरण उपलब्ध नगराइएको भएमा हामीले तपाईंका सोधपुछ वा उजुरीहरूको प्रक्रियालाई अगाडि बढाउन वा तपाईंलाई सेवाहरू उपलब्ध गराउन वा उपलब्ध गराइएका सेवाहरूलाई निरन्तरता दिन असमर्थ हुन सक्ने छौं ।

हामीले तपाईंको व्यक्तिगत विवरणलाई समयसमयमा देहायका प्रयोजनहरू मध्ये कुनैका लागि पनि प्रयोग गर्न सक्ने छौं:

a. तपाईंका सोधपुछ तथा उजुरीहरू उपर कार्यवाही  तथा फलोअप गर्न;
b. हाम्रा कुनै पनि वैधानिक कार्यहरू पूरा गर्न;
c. हाम्रा सेवा प्रयोगकर्ताहरूका आवश्यकताहरू पूरा गर्नका लागि हाम्रा सेवाहरूलाई सुधार तथा अनुगमन गर्न;
d. सेवा सुधारहरूका लागि अनुसन्धान गर्न;
e. दाबीको सम्बन्धमा EOC को बीमकलाई सूचित गर्न वा पक्षको रूपमा तपाईं संग्लन रहनुभएको दाबीको बचाव गर्न;
f. हाम्रा अन्य सेवाहरूको सम्बन्धमा तपाईंलाई जानकारी तथा सामाग्रीहरू पठाउन (तपाईंको सहमति भएमा);
g. नियामक वा अन्य निकायहरूद्वारा जारी गरिएका कुनै पनि कानुन, नियम वा निर्देशिकाहरूलाई पालना गर्न;
h. तपाईंले सहमति जनाउनुभएका अन्य कुनै पनि प्रयोजनहरू; र
i. माथिका कुनैसँग पनि सम्बन्धित रहने प्रयोजनहरू ।

तपाईंको व्यक्तिगत डाटा जुन काममा प्रयोग हुनु पर्ने हो, सो को उद्देश्य (कुनै पनि प्रत्यक्ष रुपमा सम्बन्धित उद्देश्य लगायत) पूरा हुने अवधि भन्दा बढी समय राखिने छैन।

## कुकिजको प्रयोग

तपाईंले हाम्रो वेबसाइट भिजिट गर्दा  हामीले तपाईंको भिजिटलाई "हिट" को रूपमा मात्र रेकर्ड गर्छौं र तपाईंसँग सम्बन्धित व्यक्तिगत रूपमा पहिचान खुलाउन सक्ने कुनै पनि व्यक्तिगत जानकारीलाई सङ्कलन गर्ने छैनौं । अर्कोतर्फ, यदि तपाईंले वेब ब्राउजरमा कुकिज स्टोर हुने फन्गसनलाई इनेबल गर्नुभएको छ भने "कुकिज" तपाईंको कम्प्युटरको वेब ब्राउजरमा स्टोर हुनेछ । "कुकी" भनेको तपाईंले वेबसाइटलाई ब्राउज गर्दैगर्दा वेबसाइटबाट पठाइने जानकारीको हिस्सा हो । यसले तपाईंका प्राथमिकताहरूलाई रेकर्ड गर्छ र यो तपाईंको वेब ब्राउजरमा स्टोर गरिएको हुन्छ । हामी तपाईंको व्यक्तिगत विवरण सङ्कलन गर्नका लागि कुकिजहरूलाई प्रयोग गर्ने छैनौं । तपाईंले आफ्नो वेब ब्राउजरमा कुकिजहरूलाई डिजेबल गर्न सक्नुहुन्छ तर यदि तपाईंले कुकिजलाई डिजेबल गर्नुभयो भने तपाईं चाहेको भाषा छनौट गर्ने जस्ता हाम्रो वेबसाइटका  केही विशेष विशेषताहरूलाई प्रयोग गर्न सक्षम नहुन सक्नुहुन्छ ।

## विवरण सुरक्षा तथा खुलासा

हामीले सबै व्यक्तिगत विवरणलाई गोप्य राख्छौं तर हामीले माथि उल्लेखित प्रयोजनहरूका लागि देहायका व्यक्तिहरू (चाहें हङकङ भित्र होस् वा बाहिर) लाई खुलासा वा स्थानान्तरण गर्न सक्छौं:

a. EOC द्वारा उपलब्ध गराइने सेवाहरूका लागि तपाईंको उजुरी(हरू), सोधपुछ(हरू), निवेदन(हरू) तथा अनुरोध(हरू) का हकमा  कुनै पनि सम्बद्ध पक्षहरू;

b. हामीद्वारा संलग्न गराइएका कानुनी सल्लाहकार तथा अन्य व्यवसायिक सल्लाहकारहरू, जस्तै अनुसन्धान परामर्शदाताहरू र एजेन्टहरू;

c. नियामक वा अन्य प्राधिकरण वा कानुन कार्यान्वयन गर्ने निकाय, वा कुनै पनि अदालत वा न्यायिक निकायद्वारा जारी गरिएका कुनै पनि कानुन, नियम वा निर्देशिकाहरू अनुसार कुनै पनि दायित्व वा आवश्यकताहरू अन्तर्गत हामीले व्यक्तिगत विवरणलाई खुलासा गर्नुपर्ने मानिसहरू; र/वा

d. कुनै पनि गैरकानुनी क्रियाकलाप वा शङ्कास्पद क्रियाकलापहरू पत्ता लगाउन वा रोकथाम गर्नका लागि हामीद्वारा लागू गरिएका कुनै पनि नीति वा उपायहरू अनुसार हामीले व्यक्तिगत विवरणलाई खुलासा गर्न आवश्यक पर्ने मानिसहरू।

## अन्य वेबसाइटहरूसँगका लिङ्कहरू

तपाईंको सहजताका लागि हामीले अन्य वेबसाइटहरूका लागि हाइपरलिङ्कहरू उपलब्ध गराउँछौं। कृपया याद राख्नुहोस् कि यो 'कथन' हाम्रो वेबसाइटमा मात्र लागू हुन्छ र अन्य वेबसाइटहरूमा लागू हुँदैन।

यदि तपाईंले अन्य कुनै पनि वेबसाइटको कुनै पनि हाइपरलिङ्कमा क्लिक गर्नुहुन्छ भने विवरण गोपनीयताको संरक्षण र अर्को वेबसाइटमा भएका कुकिजमा तपाईंको एक्सपोजर प्रति हाम्रो जिम्मेवारी हुँदैन। तपाईंलाई सम्बन्धित वेबसाइटको गोपनीयता नीति तथा अभ्यासहरू हेर्न सुझाव दिइन्छ।

## व्यक्तिगत विवरणमा पहुँच र त्यसलाई सच्याउने

PD(P)O अन्तर्गत, सामान्यतया, कुनै पनि व्यक्तिसँग आफ्नो व्यक्तिगत विवरण पहुँच गर्न अनुरोध गर्ने र आफ्नो कुनै पनि गलत व्यक्तिगत विवरणलाई सच्याउनका लागि हामीलाई भन्ने अधिकार हुन्छ। व्यक्तिगत विवरण पहुँच गर्ने र सच्याउने कार्यका लागि कुनै पनि अनुरोध लिखितमा Equal Opportunities Commission, 16/F, 41 Heung Yip Road, Wong Chuk Hang, Hong Kong मा पठाइनुपर्छ र देहायका कर्मचारीहरू मध्ये कुनै एकलाई सम्बोधन गरेर लेखिनुपर्छ:

a. आफ्नो कार्यका सम्बन्धित क्षेत्रहरू अनुसार राखिएको आफ्नो व्यक्तिगत विवरणको हकमा, डाइरेक्टर (कम्प्लेन्ट सर्भिसेस्) [Director (Complaint Services)] वा चिफ लिगल काउन्सल [Chief Legal Counsel] मध्ये कुनै एकलाई;

b. अन्य सबै रेकर्डहरूमा राखिएका व्यक्तिगत विवरणको हकमा कर्पोरेट प्लानिङ एण्ड सर्भिसेसका डाइरेक्टर [Director, Corporate Planning and Services] लाई।

विस्तृत जानकारीका लागि, कृपया हाम्रो 'गोपनीयता तथा तथ्याङ्क संरक्षण नीति र अभ्यासहरू (Privacy and Data Protection Policy and Practices)' हेर्नुहोस्।

विवरण पहुँच (प्राप्त) गर्ने  कुनै पनि अनुरोधको प्रक्रिया अगाडि बढाउनका लागि हामीसँग शुल्क लिने अधिकार रहन्छ ।

---

यो कथन अङ्ग्रेजीमा लेखिएको छ र नौवटा अल्पसंख्यक जातिका भाषाहरूमा अनुवाद गरिएको छ । यदि अङ्ग्रेजी तथा अनुवादित संस्करणहरू बीचमा कुनै पनि भिन्नता वा विवाद भएमा अङ्ग्रेजी संस्करण मान्य हुनेछ ।

---

अप्रिल 2023 मा संशोधित

समान अवसर आयोग (Equal Opportunities Commission)